लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

# नयाँ विमर्श

Naya Bimarsha Weekly

## देउवाले सरकारलाई घचघच्याए

काठमाडौं/ नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सरकारलाई घच्घच्याएका छन् । उनले कोरोना संक्रमितको निःशुल्क उपचार गर्न आग्रह गर्दै यो जिम्मेदारीबाट सरकार भाग्न नमिल्ने पनि बताएका छन् ।

हिजो बिहीबार विज्ञप्ति जारी गर्दै उनले कोरोना परीक्षण र उपचार आफ्नै खर्चमा गर्नुपर्ने सरकारको निर्णय लज्जास्पद भएको बताउँदै सरकारले आर्थिक रुपमा विपन्न, अशक्त, अपाङ्ग र फ्रन्टलाइनमा खटिएकाहरुमा लक्षण गखिए मात्र परीक्षण र उपचार निःशुल्क गर्ने बताएकोप्रति पनि आपत्ति जनाएका छन् । सरकारको उक्त निर्णयले सरकार जनताकाप्रति संवेदनहीन, गैर जिम्मेवार, अनुत्तरदायी र कर्तव्य बिमुख छ भन्ने देखिएको र कोभिड-१९ नियन्त्रणमा सरकार प्रारम्भदेखि नै गैरजिम्मेवार भएको र महामारीको भयावह अवस्था सिर्जना हुनुमा सरकार जिम्मेवार रहेको भनी विज्ञप्तिमा भनेका छन् ।

विज्ञप्तिमा 'आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्नु नागरिकको संवैधानिक एवं कानूनी हक भएको' भन्दै उनले

(बाँकी अन्तिम पृष्ठमा)

वर्ष १४, अंक १३, २०७७ कात्तिक ७ गते शुक्रबार (Oct. 23, 2020) मूल्य रु. १०।- मू.अ.क.नं.३०४९७३८१५ website: www.nayabimarsha.com, www.nayabimarsha.com.np, www.nayabimarsha/weeklynepal.com

# 'रअ' का प्रमुख किन आए ?

काठमाडौं/ भारतीय गुप्तचर संस्था रिसर्च एण्ड एनालाईसिस विङ 'रअ' का प्रमुख सामन्त गोयलले अकस्मात नेपालको भ्रमण गरी प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीसँग गोप्य भेटवार्ता गरेपछि नेपाली राजनीतिमा फेरि तरंग आउन पुगेको छ । आफ्ना विश्वासपात्रका रुपमा रहेका ईश्वर पोखरेललाई रक्षामन्त्रीबाट हटाई उक्त मन्त्रालय आफैंसँग राखेका ओलीसँग गोयलको गोप्य भेटवार्ताले विभिन्न किसिमका आशंकाहरु उत्पन्न हुन पुगेको छ । नेपाल र भारतका बीचमा सीमा विवाद रहिरहेको हालको अवस्थामा अप्रत्यासित रुपमा 'रअ' का प्रमुख त्यो पनि कूटनीतिक उडानमा नेपालमा आई ओलीसँगमात्र गोप्यवार्ता गरी फर्किनुले नेपाली राजनीतिमा विदेशीको घूसपैठ फेरि पनि सतहमा देखिन थालेको हो भन्नेसम्मको आशंका हुन थालेको छ ।

उनको आगमनलाई लिएर नेपाल सरकारले औपचारिक रुपमा कुनै जानकारी सम्प्रेषण नगर्नु तथा भारतीय दुतावासले समेत कुनै जानकारी सार्वजनिक नगरी राख्नुले उनको भ्रमणलाई विभिन्न किसिमबाट व्याख्या गर्न थालिएको अवस्था छ ।

भारतीय स्थल सेनाध्यक्ष मनोज मुकुन्द नरवणे पनि यही महिना नेपाली सेनाको मानार्थ महारथी ग्रहण गर्न नेपाल



आउने कार्यक्रम बनिरहेको अवस्थामा गोयलको भ्रमणले नेपाली राजनीतिलाई झनै तरंगित पारिदिएको हो । प्रधानमन्त्रीका प्रेस सल्लाहकार सूर्य थापाले एक विज्ञप्ती निकाल्दै प्रधानमन्त्री ओलीसँगको भेटमा गोयलले नेपाल र भारतबीचको सम्बन्ध खलबलिन नदिने, समस्याहरुको वार्ताद्वारा समाधान गर्ने र पारस्परिक सहयोगको निरन्तरता अघि बढाउने बिषयमा आफ्नो धारणा राखेको बताएपछि त्यस विषयलाई त्यत्तिकै रुपमा बुझ्न नेपालका राजनीतिक नेताहरु तयार नभएको अवस्था छ ।

गोयलको भ्रमणले गर्दा सबैभन्दा बढी खैलाबैला सत्तारुढ दल नेकपा मै देखिएको छ । उनको नेपालभ्रमणलाई लिएर नेकपाका अन्य नेताहरुले विरोधको श्वर राख्न थालेका छन् । आफूहरुसँग उनको भेटघाट नभएको भनी पूर्वप्रधानमन्त्रीहरु पुष्पकमल दाहाल र माधवकुमार नेपालले विज्ञप्ती नै सार्वजनिक गर्नुपरेको छ भने नेकपाका नेता भीमबहादुर रावलले जुन तरिकाले प्रधानमन्त्री ओलीसँग भेट भएको भनिएको छ त्यसमा आपत्ति जनाएका छन् । उता, प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले समेत आफूसँग गोयलको भेटघाट नभएको भनी सार्वजनिक गर्नुपर्‍यो ।

बुधबार नेपाल आएर बिहीबार बिहान फर्किसकेका गोयलका कारण खासगरी ओलीका प्रतिस्पर्धी नेताहरु झस्किन पुगेका छन् । ओलीलाई सत्ताच्यूत गराउन लागिपरेका दाहाल र नेपाललाई तर्साउनका

(बाँकी अन्तिम पृष्ठमा)

## कांग्रेस कार्यकर्ता कुटिए

भक्तपुर/ आठबिसकोट नगरपालिकामा नेपाली कांग्रेसका न.पा.वडा नं.९ निवासी कुबेर ओली र उनकी पत्नी विमला के.सी. ओली माथि



कार्यकर्ताका रुपमा रहेका एक दम्पतिमाथि सांघातिक हमला भएको छ । सो अपरिचित समूहले आक्रमण गर्दा उनीहरु

(बाँकी अन्तिम पृष्ठमा)

## भक्तपुरमा तरुण दल सक्रिय

भक्तपुर/ नेपाल तरुण दल सूर्यविनायक नगरपालिका नगर कार्यसमिति भक्तपुर हालको जोखिमको अवस्थामा खटिएकाहरुलाई सहयोग गर्न कस्सिएको छ । सो दलका कार्यकर्ताहरुले प्रहरीहरूलाई कोरोना महामारीको जोखिमबाट बच्न सेनिटाइजर र सर्जिकल मास्क उपलब्ध गराई आफूहरुलाई सक्रिय देखाएका हुन् ।

सूर्यविनायक नगरपालिकाका १ देखि



१० वडाका सबै प्रहरीलाई सेनिटाइजर र सर्जिकल मास्क हस्तान्तरण गरिएको नेपाल तरुण दल भक्तपुरका अध्यक्ष

(बाँकी अन्तिम पृष्ठमा)

## पोखरेललाई महासचिव बनाउने तयारी

काठमाडौं/ प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले नेपाल कम्युनिष्ट पार्टीको महासचिवमा आफू निकटका शंकर पोखरेललाई ल्याउने तयारी थालेको चर्चा छ । विष्णु पौडेललाई अर्थ मन्त्रालयको जिम्मेवारी दिएपछि ओलीले पोखरेललाई सो ठाउँमा ल्याउने तयारी गरेको बताइएको छ । हाल लुम्बिनी प्रदेशका मुख्यमन्त्री रहेका पोखरेललाई राजीनामा गराएर महासचिव बनाउने तयारीमा ओली जुटेको पनि समाचार स्रोतले जानकारी दिएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री ओली, उपप्रधानमन्त्री ईश्वर पोखरेल, परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली, शंकर पोखरेल र गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङसहितको बैठकमा ओलीले पोखरेललाई महासचिव बनाउने विषयमा छलफल गरेको बताइएको छ ।

पोखरेल राष्ट्रपति विद्यादेवी भण्डारी र ओलीका विश्वास पात्र हुन् । ओली गुटका खाँटी मानिस भनी चिनिएका पोखरेल पनि मुख्यमन्त्रीबाट राजीनामा

(बाँकी अन्तिम पृष्ठमा)

## काठमाडौंमा जोखिम झन बढ्दै

भक्तपुर/ कोरोना भाइरसको संक्रमण बड्ने क्रमले काठमाडौं उपत्यकाको जनजीवन झनै प्रभावित बन्न थालेको छ । दैनिकजसो दुई हजार नाघेर संक्रमितको संख्या काठमाडौं उपत्यकामा देखिन थालेका कारण तथा दशैं तिहार नजिकिएका कारण जोखिम झनै बढ्न पुगेको हो ।

काठमाडौं उपत्यकामा विहीबार थप एक हजार पाँच सय ५२ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार काठमाडौंमा एक हजार दुई सय ८३, भक्तपुरमा एक सय १२ र ललितपुरमा एक सय ५७ जनामा संक्रमण पुष्टि भएको हो । मन्त्रालय प्रवक्ता डा. जागेश्वर गौतमका अनुसार बिहीबारसम्म सक्रिय संक्रमितको संख्या ४४ हजार आठ सय ७७ पुगेको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

## नेविसंघ सडकमा उत्रिँदै

काठमाडौं/ नेपाली कांग्रेसको भातृसंस्था नेपाल विद्यार्थी संघ (नेविसंघ) ले कोरोनाको उपचार व्यक्ति स्वयंले गर्नुपर्ने सरकारी निर्णयको आलोचना गरको छ ।



यसलाई गैरजिम्मेवारी भएको भन्दै नेविसंघले विज्ञप्ति जारी गरेर सरकारी निर्णय निर्लज्जताको पराकाष्ठा र

(बाँकी अन्तिम पृष्ठमा)

## विशेष अदालतमा कार्की

काठमाडौं/ विशेष अदालतको अध्यक्षमा प्रेमराज कार्की र सदस्यमा अब्दुल्लाह अजिज मुसलमान र नित्यानन्द पाण्डेलाई सरकारले नियुक्ति गरेको छ । मंगलबार बसेको मन्त्रिपरिषद बैठकले नियुक्ति गर्ने निर्णय गरेको हो । विशेष अदालतमा उच्च अदालतका न्यायाधीशहरुमध्येबाट सरकारले मागेजति संख्यामा न्यायपरिषदले सिफारिस गर्ने तथा सिफारिसका आधारमा सरकारले नियुक्ति गर्ने व्यवस्था छ । राज्यले विशेष प्रकृतिका विवाद

(बाँकी अन्तिम पृष्ठमा)

## विज्ञापन बोर्डमा नियुक्ति पाउन होड

काठमाडौं/ नेपाली बजारमा विज्ञापन व्यवसायको व्यवस्थापन, प्रबर्द्धन, नियमन र वितरणको कार्य गर्ने गरी गठन हुन लागेको विज्ञापन बोर्डको सदस्य हत्याउनका लागि होडबाजी शुरु भएको छ ।

सूचना तथा सञ्चार मन्त्रालयका सहसचिवको अध्यक्षतामा गठन हुने उक्त बोर्डमा सदस्यका रुपमा विभिन्न सञ्चार उद्यमीहरुलाई नियुक्ति गर्ने तयारीमा सरकार जुटेको जानकारीमा आएपछि त्यहाँ पुग्नका लागि होडबाजी शुरु भएको हो । सदस्यका लागि सञ्चार उद्यमी महेन्द्र शेरचन, भाष्करराज राजकर्णिकार, नेपाल रिपब्लिक मिडिया प्रा.लि.का निर्देशक शोभा ज्ञवाली, सञ्चारकर्मी भुषण दाहाललाई सरकारले सदस्यमा नियुक्ति गर्ने तयारी गरेको जानकारी दिँदै समाचार स्रोतले उनीहरुलाई पछ्यार्न अरु सञ्चार उद्यमी र

(बाँकी अन्तिम पृष्ठमा)

## जनसम्पर्क समिति युरोपमा कँडेल

आर.जे.महतो

लण्डन/ प्रवासमा रहेका नेपाली काँग्रेससँग आबद्ध नेता तथा कार्यकर्ताहरुको सञ्जालले युरोप र अफ्रिकामा क्षेत्रीय संयोजन समिति गठन गरेको छ । नेपाली जनसम्पर्क अन्तर्राष्ट्रिय समन्वय समिति 'विश्व सञ्जाल' अन्तर्गत युरोप र अफ्रिकामा क्षेत्रीय समिति गठन गरिएको हो ।

विश्व सञ्जालका सभापति विष्णु सुवेदी र अन्य पदाधिकारीहरुको उपस्थितिमा युरोपका विभिन्न देशहरुबाट सयौंको संख्यामा काँग्रेसमा आबद्ध नेता तथा कार्यकर्ताहरूको भर्चुअल भेलाले युरोप क्षेत्रीय संयोजन समिति गठन गरेको सञ्जालका सभापति सुवेदीले जानकारी दिएका छन् ।

समितिको संयोजकमा बेलायतबाट युवा नेता शेखर कँडेललाई जिम्मेदारी दिइएको छ । यसैगरी सहसंयोजकमा विजय मोक्तान (जर्मनी), तस्बिर लामा (बेलायत), सचिवमा यमलाल सुवेदी (डेन्मार्क), सहसचिवमा सुरेन्द्र आमगाइ (पोर्चुगल),



कृष्णप्रसाद खरेल (बेलायत), कोषाध्यक्ष विष्णुमाया अधिकारी (नर्वे), सहकोषाध्यक्ष अंजु तिमिल्सिना अधिकारी (स्पेन) रहेका छन् । यसैगरी सदस्यहरुमा कृष्ण अधिकारी (नेदरल्याण्ड), नारायण दवाडी (लक्जेम्बर्ग), भावा मल्ल (इटाली), अशोक घिमिरे ( पोर्चुगल), हीरालाल सापकोटा (स्पेन) र रामकृष्ण पुडासैनी (स्पेन) रहेका छन् ।

उता, अफ्रिका संयोजकमा कृष्ण दत्त भट्टलाई मनोनयन गरिएको छ ।

जनसम्पर्क समिति स्पेनका संस्थापक अध्यक्ष चिन्तामणि सापकोटाको संचालन रहेको विश्व सञ्जाल अन्तर्गत युरोपको भर्चुअल भेलामा सञ्जालका संयोजक सुवेदी, नेता विश्वआदर्श पण्डित, नेता

(बाँकी अन्तिम पृष्ठमा)



# पौडेलको नेतृत्वमा कस्तो बन्ला काँग्रेस !

**पृष्ठभूमि**

वि.सं. २००१ सालमा तनहुँको रिस्तीस्थित बाहुन पोखराको किसान परिवारमा जन्मिएका रामचन्द्र पौडेल राजा महेन्द्रले बीपीको निर्वाचित सरकारलाई अपदस्थ गरी सक्रिय पञ्चायती व्यवस्था लागू गरेदेखि काँग्रेसको राजनीतिमा लागेका व्यक्ति हुन्। राजनीति थाल्दा उनी १७ बर्षका मात्रै थिए भने २०२७ सालमा नेविसंघ स्थापना हुँदा संस्थापक सदस्य रहेका पौडेल २०४० सालदेखि काँग्रेसको केन्द्रीय राजनीतिमा छाए। पञ्चायती व्यवस्था उत्कर्षमा पुगेका बेला २०४४ सालमा काँग्रेस केन्द्रीय सदस्य भएका पौडेल २०४८ सालमा तनहुँ क्षेत्र नं. १ बाट निर्वाचित भएसँगै गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारमा पहिलोपटक स्थानीय विकासमन्त्री भएका थिए।

वि.सं. २०५१ सालको मध्यावधी निर्वाचनमा तनहुँ क्षेत्र नं. २ बाट निर्वाचित भएका उनी त्यसपछि प्रतिनिधिसभाका सभामुख भए भने २०५६ सालमा पौडेल तनहुँ क्षेत्र नं. २ बाट पुनः निर्वाचित भई कृष्णप्रसाद भट्टराई नेतृत्वको सरकारमा उपप्रधान एवं शिक्षामन्त्री बनेका थिए। त्यसपछि भट्टराईलाई हटाएर गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुँदा पौडेलले उपप्रधान एवं स्थानीय विकासमन्त्रीको जिम्मेवारी पाएकोमा सोही बर्ष मन्त्रिपरिषद फेरबदल हुँदा उपप्रधानसँगै गृहमन्त्रीको जिम्मेवारी समेत पाए। त्यतिबेला स्थानीय विकास मन्त्रालय गोविन्दराज जोशीलाई दिएर उनले सम्हालेको गृह मन्त्रालय पौडेललाई दिईएको थियो। वि.सं. २०६२-०६३ सालको ऐतिहासिक जनआन्दोलन सफल भएसँगै गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारमा शान्ति तथा पुननिर्माण मन्त्री भएका पौडेल २०६४ सालमा पार्टी उपसभापति बनेका थिए भने २०७२ माघ २६ गते तत्कालिन सभापति सुशील कोइरालाको निधन भएपछि कार्यवाहक सभापति बने। त्यसपछि वि.सं. २०७२ सालमै भएको नेपाली काँग्रेसको १३ औं महाधिवेशनमा शेरबहादुर देउवासँग सभापतिमा पराजित भएका काँग्रेस वरिष्ठ नेता पौडेल गत निर्वाचनमा प्रतिनिधिसभा सदस्यमा तनहुँ क्षेत्र नं. १ बाट पराजित भए। उनलाई हराउन विशेषगरी पार्टीका नेता तथा कार्यकर्ताहरुले नै महत्वपूर्ण भूमिका निर्वाह गरेको पौडेल बताउँछन्।

**वास्तविकता**

नेपालमा पञ्चायति शासनव्यवस्थाको प्रारम्भसँगै सक्रिय राजनीतिमा होमिएका रामचन्द्र पौडेल नेपाली काँग्रेसका एक स्थापित नेता हुन्। उनी काँग्रेसको कार्यवाहक सभापतिदेखि सभामुख, उपप्रधानमन्त्री र धेरैपटक मन्त्री बनेर सँधै सत्ताको वरिपरि घुमिरहे। विशेषगरी उनी कोइराला परिवारको विश्वासपात्रका रुपमा रहँदै आएका एक शीर्ष नेता मानिन्छन्। त्यस्तै आफ्नो गृहजिल्ला तनहुँमा भन्दा केन्द्रको राजनीतिले बढी चिनिएका पौडेल काँग्रेसका नेताहरुमध्ये तर्क, वितर्क सहित टिप्पणी गर्न सक्ने र विपक्षीसँग खरो उत्रने नेता पनि हुन्। उनको बलियो पक्ष भनेको स्वच्छ छवि हो। किनकी उनी लामो समय शक्ति र सत्ता नजिक बसेपनि आर्थिक विवादमा मुछिएका छैनन्। साथै त्रिभुवन विश्वविद्यालयबाट नेपालीमा स्नातकोत्तर र संस्कृत साहित्यमा शास्त्रीसम्मको अध्ययन गरेका उनी काँग्रेसभित्रका एक अध्ययनशील नेता हुन्। बीपी कोइरालाको सानिध्यता र त्यागबाट प्रभावित भई राजनीतितर्फ आकर्षित भएका पौडेल पञ्चायत विरोधी आन्दोलनमा लागेका कारण पटकपटक गरी १३ बर्ष भन्दा बढी जेल पर्नुका साथै प्रतिगमन विरोधी आन्दोलनमा अग्रपंक्तिमा रहँदा पछिल्लोपटक करिब एकबर्षसम्म नजरबन्दमा परेका थिए।

बीपीको प्रजातान्त्रिक समाजवादका व्याख्याता, वैचारिक व्यक्तित्व, भद्र तथा सालिन, मध्यमार्गी भूमिकामा अग्रणी, स्वच्छ छबी तथा अध्ययनशीलता जस्ता गुणहरुले भरिपूर्ण रामचन्द्र पौडेल नेपालमा आधुनिक कृषि क्रान्ति गर्नुपर्ने एजेण्डा बोकेका नेता पनि हुन्। किनकी नेपालको ७० प्रतिशत भन्दा बढी जनसंख्या अहिलेपनि कृषिमा नै निर्भर भएकाले बहुसंख्यक जनताहरुको आर्थिक उन्नतीका लागि कृषिलाई



नारायण पौडेल

प्राथमिकतामा राखिनुपर्ने उनको धारणा सहितको प्रतिबद्धता रहेको छ। जसको कार्यान्वयन हुनसके नेपाली समाजमा आधुनिक कृषि प्रणालीले ठूलो फड्को मार्न सक्दछ।

**कमजोरी**

विशेषगरी नेपाली काँग्रेसको राजनीतिमा अहिले पार्टी सभापति शेरबहादुर देउवाका कारण गत निर्वाचनमा पार्टीले अभूतपूर्व पराजय भोग्नुपरेको, पदाधिकारी मनोनयनका लागि दुई बर्षभन्दा बढी समय लगाएको, समयमा नै विभागहरु गठन गर्न नसकेको तथा महाधिवेशन कार्यतालिका सार्वजनिक भएपछि गरिएको विभाग गठन एकलौटी भएको, आफ्नो गुटको संरक्षण गरेर अरुलाई तेजोबध गरेको, विगतमा आफैंले सारेको एक व्यक्ति एक पदको अवधारणालाई स्वीकार नगरेको, पार्टीलाई निरन्तर कमजोर बनाउँदै लगेको तथा पार्टीलाई सत्तापक्ष जस्तो बनाएको देखिन्छ। पौडेलमाथि पार्टी सभापति तथा आफ्नै नेताहरुप्रति नकारात्मक कटाक्ष गर्ने, युवा प्रतिनिधित्वलाई महत्व नदिने, आफ्ना कमजोरीहरु औंल्याउन र सुन्न नसक्ने, आफू विशिष्ट स्थानमा रहेर पनि कहिलेकाँही निकृष्ट व्यवहार गर्ने वा बोल्ने, आफ्नै समूहमा सर्वमान्य नेता बन्न नसक्ने, गुटको संरक्षण गर्न नसक्ने, साँघुरो घेराभित्र रमाउने अनुदार नेता लगायतका विभिन्न आरोपहरु पनि लाग्दै आएका छन्।

अहिले पार्टीभित्र आफूलाई बलियो रुपमा प्रस्तुत गर्न महामन्त्री डा. शशांक कोइराला मात्र नभई अन्य प्रभावशाली नेताहरुको समेत पौडेलले साथ पाएका छैनन्। तर पौडेललाई जति कमजोर पारिन्छ, प्रमुख प्रतिपक्षको भूमिकामा रहेको काँग्रेस त्यति नै कमजोर हुन्छ, भईरहेको छ। अर्कोतर्फ पौडेल कमजोर हुनुको विशेष लाभ मनमौजी शैलीले पार्टी सञ्चालन गरिरहेका सभापति देउवाले भरपूर रुपमा लिईरहेका छन्। जसले गर्दा पार्टीभित्रको प्रतिपक्षी निरिह बनिरहेको छ भने संस्थापन पक्ष एकलौटी तवरले अगाडि बढिरहेको छ। तर पार्टीभित्रको यस्तो किचलोको प्रत्यक्ष परिणाम वा प्रभाव आगामी निर्वाचनमा समेत देखिने स्पष्ट छ। जसले पार्टीको बढोत्तरी गर्दैन।

त्यस्तै पौडेलले देउवा समूहमा नअटाएका, सिटौला समुहमा पाखा परेका, खुमबहादुर खड्काको निधनपछि एक्लिएका नेता तथा कार्यकर्ताहरु कसैलाई पनि आफ्नो पक्षमा पार्न सकेका छैनन् भने काँग्रेसका प्रभावशाली युवा नेताहरु समेत पौडेललाई विश्वास गर्ने र पार्टी नेतृत्वमा स्थापित गराउने सवालमा एकमत देखिँदैनन्। त्यसमाथि युवाप्रतिको दृष्टिकोणमा पौडेल त्यति सकारात्मक नभएको पनि बताईन्छ। तथापी अबको पार्टी नेतृत्व युवाहरुकै हातमा सुम्पनु पर्ने अभिव्यक्ति दिन यदाकदा पौडेल अगाडि नै देखिन्छन्।

**निष्कर्ष**

रामचन्द्र पौडेल काँग्रेसमा 'फस्टम्यान' भन्दापनि 'सेकेण्डम्यान' का लागि निकै उपयुक्त पात्र हुन् भनेर बेलाबेलामा चर्चा पनि गर्ने गरिन्छ। तर फस्टम्यान हुनका लागि सेकेण्डम्यानको भूमिका बलियो रुपमा निर्वाह गरेकै हुनुपर्दछ। यसर्थ सेकेन्डम्यानको हैसियतमा पौडेलले काँग्रेसमा खेलेको भूमिकाकै आधारमा उनलाई पार्टी सभापति बनाउनुपर्दछ। अब पौडेल विगतमा काँग्रेसका नेताहरुले जसरी आफ्नो इतिहास रच्न सफलता प्राप्त गरे, त्यसरी नै आफूलाई सर्वमान्य वा सर्वस्विकार्य नेताका रुपमा स्थापित गर्न आफ्नो कमीकमजोरी सुधार गरी पार्टीलाई एकताबद्ध र बलियो बनाउने अभियानमा लाग्नैपर्ने देखिन्छ। नभए नेपाली काँग्रेस पार्टी विपक्षी दलका नेताहरुले भन्ने गरेजस्तो इतिहासका पानामा सिमित हुन धेरै समय लाग्ने छैन। पौडेल पार्टी पंक्तिलाई उर्जा दिने उच्च क्षमता राख्छन्। वि.सं. २०७० सालको दोस्रो संविधानसभा निर्वाचनअघि देशभर आफ्नो नेतृत्वमा रहेको नीति तथा प्रशिक्षण प्रतिष्ठान मार्फत बीपी जन्मशताब्दी र गणेशमान बलिदानी अभियान नामक पार्टी प्रशिक्षण तथा सुदृढिकरण कार्यक्रम लाई प्रभावकारी ढंगले चलाएकै कारण काँग्रेसको संगठन घरघरमा पुगी निदाएको काँग्रेसलाई जगाएर पहिलो बनाउन उनको भूमिका महत्वपूर्ण थियो। तर त्यसको जस पार्टीभित्र उनले कहिल्यै पाएनन्।

नेपाली काँग्रेस पार्टी अहिले वैचारिक तथा सैद्धान्तिक रुपमा स्खलित भएको छ। यस्तो अवस्थामा आउँदो महाधिवेशन, पार्टीको संगठन, जनभावना र निर्वाचन समेतलाई मध्यनजर गर्दै पौडेल अब कुनै गुट संरक्षक नेताभन्दा पार्टी नेता बन्न अग्रसर भई पार्टीलाई जनभरोसा योग्य बनाउन लाग्नुपर्ने देखिन्छ। वास्तवमा रामचन्द्र पौडेल काँग्रेसभित्र एउटा विचारको प्रतिनिधित्व गर्ने नेता हुन् र उनी निर्वाचनमा हारेपनि वा पार्टी नेतृत्वमा नपुगेपनि उनको विचारमा काँग्रेस अघि बढिरहेको छ, बढ्नेछ। तथापी बीपी, गणेशमान, कृष्णप्रसाद, गिरिजाप्रसाद, सुशील कोइराला लगायतको छहारीमा हुर्केका पौडेललाई देख्दा सुस्ताएका, मुर्झाएका र लखतरान परेका काँग्रेसीजनमा अझैपनि नयाँ उर्जा अवश्य प्राप्त हुन्छ। पौडेलमा गुटको नेतृत्व गर्ने क्षमता कमजोर भएकै कारण लामो समयदेखि कोइराला गुटको वर्चश्व रहेको काँग्रेसमा एकाएक देउवा गुट बलियो भएर शेरबहादुर देउवा पार्टी सभापति बन्न सफल भएका हुन्। यदि पौडेलमा गुटको नेतृत्व गर्ने अब्बल क्षमता भईदिएको भए र देउवा इतर सम्पूर्ण शक्तिहरुलाई एकैठाउँमा उभ्याउन उनी सफल भएको भए देउवा काँग्रेस सभापति बन्ने थिएनन् र आउँदो महाधिवेशनबाट पनि बन्न सक्दैनन्। तर देउवा इतर समुह एकैठाउँमा उभिनसक्ने अवस्था अझैपनि देखिएको छैन। त्यसैले काँग्रेस वरिष्ठ नेता पौडेलले उदारभाव देखाउँदै विशुद्ध रुपमा पार्टी बचाउन कुनै न कुनै रणनीतिक योजना ल्याउनै पर्दछ।

अर्कोतर्फ नेपाली राजनीतिमा मध्यमार्गी भूमिका निर्वाह गर्नसक्ने अगुवा नेताको पहिचान बनाएका पौडेल नेपाली काँग्रेसको पार्टी सभापति हुँदा समग्र काँग्रेसका नेता तथा कार्यकर्ता सहित शुभेच्छुक समेतले काँग्रेस भएकै वा काँग्रेसमा आस्था राखेकै कारण शिर झुकाउनु पर्ने अवस्था अवश्य आउने छैन भने पौडेलको नेतृत्वमा काँग्रेसको संगठन थप बलियो हुन नसकेपनि कमजोर पक्कै हुने छैन। यसर्थ पनि पौडेल काँग्रेसको पार्टी सभापति बन्दा या उनलाई पार्टी सभापति बनाउँदा समग्रमा काँग्रेस, जनता र मुलुक समेतलाई हित नै हुने देखिन्छ।

*(लेखक अधिवक्ता हुन्)*

# केपी ओलीज्यू, सरकार किन चाहियो ?

**कृष्णा पौडेल**

२०७४ असोज २८ गते संविधानसभाबाट रुपान्तरित व्यवस्थापिका संसदको अन्तिम बैठकलाई सम्बोधन गर्दै प्रमुख प्रतिपक्षी तात्कालिन नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रधानमन्त्रीलाई प्रश्न गरेका थिए -'लोकतन्त्र भनेको कानुन नमान्नु हो ? आचारसंहिताको पालना गर्नु नपर्ने हो ? मर्यादा भित्र बस्न नपर्ने हो ? जवाफदेही हुन नपर्ने हो ? अथवा अधिकारप्राप्त संस्थाले भनेको कुरा मान्नु नपर्ने हो ? सम्माननीय प्रधानमन्त्री ज्यूलाई सोध्न चाहन्छु के हो लोकतन्त्र भनेको ?'

तात्कालिन प्रमुख प्रतिपक्षी दलका नेता अहिले शक्तिशाली सरकारका प्रधानमन्त्री भएका छन् र उनले गरेका यीनै सवाल नागरिकको तर्फबाट बालुवाटार सोझिएका छन्। के प्रधानमन्त्री केपी ओलीले संविधान र कानुन मान्नु नपर्ने हो ? नेपालको संविधानको भाग ४ अन्तर्गत धारा ४९ देखि ५५ सम्म राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको व्यवस्था गरिएको छ। धारा ५१ को 'ज' को ५ देखि १० सम्मका बुँदामा गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने हकको प्रत्याभूत गरिएको छ।

त्यसैगरी, आर्थिक वर्ष २०७७-७८ को सरकारको नीति तथा कार्यक्रमको बुँदा नम्बर ४३ मा सरकारको मूल स्वास्थ्य नीति 'निरोगी नेपाल निर्माण' गर्ने भनिएको छ। त्यस बुँदामा प्रकृतिमैत्री स्वच्छ जीवनप्रणाली प्रवर्द्धन गरी नेपालीको रोग प्रतिरोधी क्षमता वृद्धि गर्न निरोधात्मक कार्यक्रम सञ्चालन गर्ने, स्वास्थ्य सेवामा प्रतिरोधत्मक र उपचारात्मक विधि अबलम्बन गरिने भन्ने उल्लेख छ।

कात्तिक २ गते आइतबारको स्वास्थ्य मन्त्रालयको तथ्यांकअनुसार मुलुकभर ३९ हजार ३ सय ४१ जना सक्रिय संक्रमित थिए। ती मध्ये २६ हजार ४ सय ८ जना आ-आफ्नै घरमा आइसोलेसनमा छन्। १२ हजार ९ सय ३३ जना मात्रै अस्पतालमा उपचार गराइरहेका छन्। यो संख्या सरकारी र नीजि अस्पतालमा उपचार गराइरहेकाको कुल संख्या हो। १२ हजार ९ सय ३३ जनाको मात्रै उपचार गर्दा हायलकायल भएको सरकारले कुन आधारमा 'निरोगी नेपाल निर्माण गर्छु' भन्ने नीति लियो ? कोरोना उपचार खर्च वहन नगर्ने निर्णय गरेर सरकारले संविधानले प्रत्याभूत गरेको नागरिकको स्वास्थ्य प्रतिको दायित्वलाई ठाडै उल्लंघन गऱ्यो। सरकार संविधानले निदृष्ट गरेको र आफैंले तर्जुमा गरेको नीतिबाट पछि हट्यो।

सरकारी निर्णयको पक्षपोषण गर्दे एक जना नेकपाका नेताले भने- "गरिब र विपन्नलाई उपचार गर्छु भनेकै छ। धनीमानी र हुनेखानेको पनि सरकारले उपचार गरिदिनुपर्छ भन्ने तर्क युक्तिसंगत हुँदैन।" महामारीले धनी गरिब भन्दैन। संसारका सबै देशहरु राज्यका पूरै शक्ति लगाएर महामारी नियन्त्रण गर्न लागेका छन्। आर्थिक गतिविधि चलाइराख्न विकसित देशहरुले लकडाउनको समयमा चेकबाट राहत बाँडे। ऋण दिएर व्यापार बचाउने प्रयास गरे। 'जनता बलियो भयो भने दरबार बलियो हुन्छ' भन्ने पृथ्वी नारायण शाहको भनाइ नेपालकै प्रधानमन्त्रीले बिर्से। सुरुवाती समयदेखि नै प्रधानमन्त्री र मन्त्रीहरु आवश्यक तयारी भन्दा वक्तव्यबाजीमा समय विताए। प्रधानमन्त्री त कुर्सी जोगाउनमै व्यस्त बने। कोही कोरोना मुक्त देश भनेर पर्यटक भित्र्याउन खोजे त कोही पार्टी फुटाउन लागे। कोरोना संक्रमण जहाँ देखियो, तत्काल परीक्षण गरी अन्यत्र फैलनबाट रोक्नुपर्छ। सरकारले संक्रमितलाई घरमै बस्न भन्दियो। अनि घरका सबै परिवारलाई साऱ्यो। होम आइसोलेन सधैं उच्च जोखिममा हुने स्वास्थ्यविज्ञहरु बताउँछन्।

महामारी नियन्त्रणमा संसारले के गरेको छ भन्ने प्रधानमन्त्रीले हेर्नुपर्छ। विकसित देश छोडेर छरछिमेकका आफ सरहका देशले के गरेका छन् भनेर सिक्नुपर्थ्यो। नागरिकको जीउ धनको दायित्व बहन गर्न नसक्ने हो भने कसका लागि राज्य गर्ने ? कुहिएको आलुलाई झिकेर नफाल्ने हो भने बोराका सबै आलु कुहिन्छन्। सरुवा रोगको नियन्त्रण भनेको एक अर्काबीचको सम्पर्क विच्छेद नै हो। यो सामान्य मान्यतालाई बेवास्ता गर्दै सरकारले भन्यो 'लक्षण नदेखिएकालाई परीक्षण नगर्ने'। तीनै लक्षण नदेखिएका कोरोना सक्रमितले कमजोर रोगप्रतिरोधात्मक क्षमता भएकालाई सार्ने काम गरिरहे। अन्ततः अहिले घरघरमा कोरोना पुग्यो। समुदायमा संक्रमण बढाउने र घरघरमा कोरोना पुर्याउने कामको कारक नै सरकार हो। सरकारका 'लहडी' निर्णयहरु हुन्।

**सरकारबाटै संविधान र कानुनको उल्लंघन**

संविधानको धारा ३५ ले सबै नागरिकको आधारभूत स्वास्थ्य सेवामा समान पहुँच र निःशुल्क प्राप्त गर्ने हक हुनेछ भनेको छ। कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन। संविधान नै देशको मूल कानुन हो। यो कानुन सरकारले पालना गर्नुपर्दैन ? संवैधानिक कानुनका ज्ञाता चन्द्रकान्त ज्ञवाली सरकारले नै मौलिक हकको घोर उल्लंघन गरेको टिप्पणी गर्छन्। उनले भने- "स्वास्थ्य अधिकार आधारभूत तथा मौलिक हक भएकाले निशुल्क रुपमा राज्यले नागरिकको उपचार गर्नुपर्ने मौलिकहकको संवैधानिक बाध्यता छ। सर्वोच्च अदालतले पीसीआर परीक्षणलाई निशुल्क गर्नु भनेर परमादेश जारी गरिसकेकाले यो अदालतको अवहेलना भयो।"

त्यसैगरी जनस्वास्थ्य सेवा ऐन २०७५ ले निःशुल्क आधारभूत आकस्मिक स्वास्थ्य सेवा हरेक नागरिकले पाउने हक दिएको छ। ऐनको धारा ३ ले प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज र सर्वसुलभ प्राप्त गर्ने अधिकार सुरक्षित गरेको छ। सरकारले संक्रामक ऐन २०२० अनुसार २०७६ चैत ११ गतेदेखि मुलुकभर लकडाउन घोषणा गऱ्यो। लकडाउन उलंघन गर्नेलाई सोही ऐन अनुसार कारबाही पनि गर्यो। तर ऐनले गरेको व्यवस्था अनुसार संक्रमण रोकथाम र संक्रमितको उपचारको व्यवस्था गर्नुपर्ने दायित्वबाट पन्छिन मिल्छ ? संक्रामक रोग ऐन २०२० को २ ले संक्रामक रोग फैलिएमा नियन्त्रण तथा उपचार र रोग निर्मूल र नागरिकको निःशुल्क स्वास्थ्य उपचारको हकलाई पनि प्रत्याभूत गरेको छ। कानुन, न्याय तथा मानवअधिकार समितिका सभापति कृष्णभक्त पोखरेलले नागरिकलाई आधारभूत स्वास्थ्य सुविधा प्रत्याभूत गर्ने दायित्व राज्यले अस्वीकार गर्न नमिल्ने तर्क गर्छन्। उनले सरकारको पछिल्लो निर्णयले आफ्नो गम्भीर ध्यानाकर्षण भएको र समितिले त्यसो नगर्न सरकारलाई निर्देशन दिने बताए।

**प्रस्थान विन्दु नै बेठिक**

कोरोना संक्रमण महाव्याधी भएकाले जनस्वास्थ्य ऐन र विपद् व्यवस्थापन ऐन अनुसार रोकथाम, नियन्त्रण र उपचारमा सक्रिय हुनुपर्ने सरकारले जस्केलाबाट 'नोभेल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति' गठन गऱ्यो। प्रधानमन्त्री अध्यक्ष रहेको 'राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद्' लाई अघि सार्नुपर्नेमा संक्रामक ऐनलाई अघि सारियो। विपद् भनेको महामारी पनि हो भन्ने नेतृत्वले बुझ्न नसक्दाको परिणाम अहिले संक्रमण नियत्रण बाहिर गयो। नेटवर्क को दृष्टिले संघीय संयन्त्र स्थापित भईसकेकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थास्थापन ऐन नै उत्तम माध्यम थियो। त्यसबाट तल्लो तहसम्म महामारी नियन्त्रणका लागि काम गर्न सहज हुन्थ्यो। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ मा प्राकृतिक र गैरप्राकृतिक रुपमा विपद्लाई परिभाषित गरिएको छ। यस अर्थमा महामारीलाई गैह्रप्राकृतिक विपद्मा राखिएको हो। ऐनले सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, प्यान्डेमिक फ्लुलगायत २२ किसिमका विपदलाई गैरप्राकृतिक विपद् भनेको छ। त्यसैले दुबै प्रकारको विपदबाट हुने पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ भनेर बुझ्नुपर्ने विज्ञहरु बताउँछन्। सरकार आजसम्म पनि 'विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनले 'कोभिड-१९ जस्तो महामारीलाई सम्बोधन नगरे' को तर्क गर्दै आएको छ। तर, यो कानुनको आशय प्राकृतिक विपत्तिमा मात्रै केन्द्रित नहुने विज्ञहरु बताउँछन्।

संविधान अनुसार गठन भएका संयन्त्र प्रयोग नगरेर २०७६ फागुन १८ गते उपप्रधानमन्त्री तथा तात्कालीन रक्षामन्त्री ईश्वर पोखरेलको संयोजकत्वमा 'नोभेल कोरोना रोग रोकथाम तथा तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति' नामको अस्थायी संयन्त्र गठन गरियो। सरकारले महामारी नियन्त्रणमा निजी क्षेत्र र विपक्षीदलसँगै अन्य राजनीतिक दल र गैरसरकारी संस्थाका भूमिकालाई पूरै बेवास्ता गऱ्यो। पछि फेरि 'कोभिड संकट व्यवस्थापन केन्द्र (सीसीएमसी) गठन गऱ्यो। त्यसअर्न्तगत निर्देशक, सहजीकरण र सीसीएमसी अपरेशन समितिहरु बनाइयो। सीसीएमसीले हरेक दिनको अवस्था विश्लेषण गरेर सुझाव दिनुपर्ने र सोही अनुसार सरकारको निर्णय आउनुपर्नेमा लहडी शैलीमा निर्णय हुँदै आएको छ। विना सुझबुझ विज्ञको सुझाव एकातिर थन्काएर बालुवाटारबाट हुने उर्दीका कारण गृह र स्वास्थ्य मन्त्रालयको भूमिका कमजोर बन्यो। स्वास्थ्यमन्त्री भानुभक्त ढकाल पनि बालुवाटरकै पछि पछि दौडिएका छन्।

**जनताले कर किन तिर्नु ?**

एकपछि अर्का असंवैधानिक निर्णयले जनतामा सरकारप्रति चरम वितृष्णा मात्रै जन्माएको छैन, नागरिकको दायित्व र कर्तव्यलाई पनि कमजोर बनाएको छ। राज्यविहीनताको स्थिति श्रृजना गराएको छ। सबै नागरिकले भन्न थालेका छन् 'सरकारलाई कर किन तिर्ने ?' अब कर नतिरौं भनेर के गर्नु ? बैंकले काटिसक्छ। टेलिफोनमा कुरा गर्दै गर्दा सेवा प्रदायक कम्पनिले कर लिइसकेको हुन्छ। कन्सल्टेन्सी वापतको रकम दिनुभन्दा अगाडि नै कर काटिसकेको हुन्छ। चिया, चिनी, पानी, विजुली, नुन सबैको कर तिरिरहेका हुन्छौ।

महामारीमा नागरिकलाई 'आफैं उपचार गर' भन्ने सरकारलाई कर कसरी तिर्नु ? 'कर तिर्ने पैसा सञ्चय गरेर राख्छु। सके उपचार गर्छु नसके मर्छु' भन्ने अवस्थामा नागरिक पुगेका छन्। महामारीका बेला अस्पताल नजाउ भन्छ सरकार। परीक्षण नगर भन्छ। संक्रमितलाई पनि घरभित्रै बस्न लगाएर सरकार स्वयंले घरघर र समुदायमा संक्रमण फैलाउने काम

**(बाँकी अन्तिम पृष्ठमा)**




# The Folly of Temper and Pride

Just a few days ago I was reminded of a British saying which says, 'temper gets you into trouble but pride keeps you there'. This is a very common saying in the English-speaking world and it contains two very real truths. Losing one's temper can get people into lots of trouble, whether it's at one's place or home life. However, it is pride that will keep them there and won't let them sort out the problem. To lose one's temper means to lose control of oneself and



become angry. It is not wrong for people to be angry when someone has wronged them as long as they can control it. When you lose that self-control you lose your temper and then people can do hurtful as well as foolish things.

Pride has a number of meanings in English. One is when a person feels pleasure and satisfaction because of what they have done. There is nothing wrong with this time of pride, you do well in an exam, you have a right to feel satisfaction after all your work, or you receive a promotion in the workplace as a result of all your hard work, it is fine to í:have pride in your achievement.

However, there is another meaning for pride, when a person believes that they are better or more important than other people. This type of pride is the pride that will keep you in trouble! People can make mistakes and can lose their self-control and temper, but learning to step back and accept your mistake shows maturity and confidence in yourself. Being able to control yourself is important to the development of each person.

On many occasions, I heard the story about a little boy who had a bad temper. His father was patiently trying to help him learn to control his temper. So one day he gave him a bag of nails and told him that every time he lost his temper, he must hammer a nail into the fence. The story continues, the first day the boy had to hammer 37 nails into the fence. Over the next few weeks as he learned to control his anger, the number of nails hammered daily, gradually dwindled down. He discovered it was easier to hold his temper than to drive those nails into the fence. Finally, the day came when the boy didn't lose his temper at all. He told his father about it and he was so pleased. However that was only part one of the lesson, now his father suggested that the boy pull out one nail for each day that he was able to hold his temper. The days passed and the young boy was finally able to tell his father that all the nails were gone. That was a wonderful achievement but now his father wanted him to teach him the second part of the lesson. So his father took the son by the hand and led him to the fence. He said "you have done very well my son, but look at the holes in the fence. The fence will never be the same. When you say things in anger, they leave a scar just like this one." Controlling oneself is only part of the lesson, it's also realizing the hurt that your anger and temper can cause.

The Bible says in Ecclesiastes 7 verse 9 "Be not hasty in thy spirit to be angry: for anger resteth in the bosom of fools." The Bible is saying that it is better to have control of oneself and not to be prone to lose your temper because that anger or temper is for fools. Therefore, you are allowing the emotion of anger to control you instead of you yourself. It is the same with pride, the Bible says "When pride cometh, then cometh shame:" Proverbs 11 verse 2. When the emotion of pride is allowed to control you then the Bible says you bring shame on yourself. Even though our emotions are part of who we are they should never be in control. Guard yourself and don't let temper to get you into trouble nor pride to keep you there.

**P. Pilgrim,** pilgrimway101@yahoo.com


**विजय दशमी २०७७**

को सुखद् अवसरमा सम्पूर्ण ग्राहक तथा देश/विदेशमा रहनु हुने नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**कृष्ण नगरकोटी**
(अध्यक्ष) एवम्
**प्रविधि कन्स्ट्रक्सन प्रा.लि. परिवार**



**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**

**सडक डिभिजन चरिकोटको अनुरोध**

सडक हामी सबैको साझा सम्पत्ति हो । यसको संरक्षण गर्नु हाम्रो दायित्व हो । सडक निर्माण गर्दा राज्यको ठूलो धनराशि खर्च हुन्छ । त्यसैले सडक डिभिजन चरिकोटअन्तर्गत निर्माण भइसकेका र निर्माण तथा विस्तार हुँदै गरेका सडक संरचनामा प्रतिकूल असर पर्ने गरी निम्न क्रियाकलापहरु नगरिदिनु हुन विनम्र अनुरोध गर्दछौं ।

१) सडक सीमा अतिक्रमण गरी घर, टहरा निर्माण नगरौं ।
२) सडक तथा सडक पेटीमा निर्माण सामग्री राखी यातायात तथा पैदल यात्रीलाई अवरोध नगरौं ।
३) सडक क्षमताभन्दा बढी भार प्रयोग नगरौं ।
४) सडकमा गाडी धुने, सडकको नाली पुरी फोहोर गर्ने, सडक नालीमा ढल मिसाउनेजस्ता कार्य नगरौं ।
५) सडकको पानी कुनै किसिमबाट निकास गरौं ।

**डिभिजन प्रमुख**



**विजय दशमी २०७७**

को सुखद् अवसरमा सम्पूर्ण ग्राहक तथा देश/विदेशमा रहनु हुने नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**अमृत पुडासैनी**
(केन्द्रीय सदस्य)
साझा पार्टी



**विजय दशमी २०७७**

को सुखद् अवसरमा देश/विदेशमा रहनु हुने नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**रामेश्वर ढकाल**
(अक्ष्यक्ष) एवम्
**अभिक न्यूज मिडिया प्रा.लि.**

# बहुउपयोगी शवासन सिक्नुहोस्, तर विधि पुऱ्याएर

उमेशप्रसाद उपाध्याय

आजको वैज्ञानिक युगमा भौतिक रूपले सम्पन्न मानव-सामाजमा बस्ने व्यक्ति अनेक मानसिक तनाव र दुश्चिन्ताहरूले भरिएको छ। उसलाई राति सुत्दा निन्द्रामा पनि आराम छैन। भगवान् बुद्धको जीवनमा आधारित विश्वप्रसिद्ध र सर्वाधिक बिक्री भएकोमा सूचिकृत पुस्तक 'ओल्ड पाथ ह्वाइट क्लाउड' का लेखक थेरवादका प्रसिद्ध भियतनामी भिक्षु 'तिक न्यात हन्ह'को अर्को चर्चित पुस्तक 'प्रेजेन्ट मोमेन्ट, ब्युटिफूल मोमेन्ट' मा उनी लेख्छन्, 'हामी यतिसम्म ब्यस्त छौं कि हामी को हौं र के गरिरहेका छौं, त्यो पनि बिर्सेका छौं। म कसैलाई चिन्दछु, जो भन्छन्,'मलाई श्वास फेर्न पनि फुर्सद छैन।'

'आफूलाई माया गर्ने व्यक्तिलाई हेर्न र मायाको कदर गर्न पनि बिर्सन्छौं हामी। जब सम्झन्छौं ढिलो भइसकेको हुन्छ।'

'यदि कहिले हामीले फुर्सद पायौं भने पनि आफूमा भित्र र बाहिर के भइरहेको छ त्यससँग सम्पर्क साध्ने उपाय नै हामीलाई थाहा छैन। त्यसैले हामी कि टेलिभिजन खोल्छौं, कि टेलिफोन समात्छौं। मानौं, हाम्रा यी कृत्यहरूले हामी आफैंसँग भाग्न सक्छौं होला ?' तिक न्यात हन्हको यो साधारण भनाइ एकाइसौं शताब्दीको भौतिक रूपले सम्पन्न बुद्धिवादी मानिसको मनस्थितिको असाधारण चित्रण हो। आउनुहोस्, आज हामी आफूमा भित्र र बाहिर के भइरहेको छ ? त्यससँग सम्पर्क साँध्ने अनेक उपायमध्ये योगासनअन्तर्गत गरिने प्रभावशाली 'शवासन'को विधि र प्रक्रिया सम्बन्धमा केही चर्चा गरौं:

**शिथिलीकरण**

योगपथमा आसनअन्तर्गत गरिने विभिन्न आसन विधिहरू (चाहे त्यो जुनसुकै समूहमा पर्ने होस्) मध्ये शिथिलीकरणअन्तर्गत गरिने शवासन, अद्वासन, जेष्टिकासन, मकरासन र मत्स्य-क्रीडासनको आफ्नै विशिष्ट महत्त्व छ। यिनीहरूमध्ये पनि 'शवासन'को स्थान सर्वोच्च छ। शिथिलीकरणका आसनहरूको जति प्रशंसा गरे पनि कम हुन्छ। शिथिलीकरणका आसनहरू अन्य आसन-सत्रको अभ्यास गर्नुपहिले बीचमा वा अन्त्यमा अथवा आसन गर्दागर्दै थकाइको अनुभव भएमा जुनसुकै बेला पनि गर्न सकिन्छ।

**शवासन**

बाहिरबाट पहिलो पटक झट्ट हेर्दा शवासन सजिलो लाग्न सक्छ। तर विधि पुऱ्याएर सही ढंगले यसलाई गर्नु बडो गाह्रो छ। किनभने यो शरीरको बाहिरी अवस्थासँग मात्र सम्बन्धित छैन। यसमा शरीरका सबै अंग र मासंपेशीहरूलाई चेतन रूपले शिथिल गरेर ध्यानलाई स्वाभाविक शवासनमा केन्द्रित गर्नुपर्ने हुन्छ। अनि मात्र शरीर र मन शिथिल र शान्त हुन्छ। शवासन आफैंमा जुनसुकै विधिबाट ध्यान गर्ने एउटा 'पूर्ण आसन' हो।

पिठ्युँको सहारामा चित्त भई लमतन्न सुत्नुहोस्। दुवै खुट्टाहरूबीचमा केही खाली ठाउँ राखेर फैलिएको होस्। दुवै हातहरू शरीरलाई नछोई कम्मरको छेउमा हत्केला माथिपट्टि पारेर फैलिएको होस्। शरीर पूरै उत्तानो परेर लासझैं लमतन्न त होस् तर खुकुलो र हलुको होस्। यसका लागि शरीरका सबै हाडजोर्नी र मांसपेशीहरूलाई खुकुलो बनाउने प्रयास गरौं। तत्कालका लागि घर व्यवहार, काम झन्झट आदिबाट मुक्त भई तनावरहित हुने प्रयास गर्नुहोस्। शवासनमा हामी तीनवटा विधिको अभ्यास गर्न सक्छौं। ती विधिहरूको एक-एक गरी चर्चा गरौं-

**१. शिथिलीकरण र योगनिन्द्रा**

शरीर र मनलाई शिथिल गर्ने एउटा विशेष सरल तर शक्तिशाली यौगिक-विधि हो योगनिन्द्रा। दिनभरिको कठिन परिश्रमपछि साँझ वा राति सुत्नुभन्दा अगाडि यसको अभ्यास गरेमा यसले धेरै फाइदा पुऱ्याउँछ।

**विधि**

शवासनमा सुत्नुहोस्। हत्केला खुला होस्। पूरै शरीरलाई खुकलो राख्नुहोस्। शरीरको कुनै अंग वा मासंपेशीमा तनाव भए त्यसलाई बिस्तारै हल्लाएर, चलाएर खुकुलो र तनावरहित बनाउनुहोस्। आँखा बन्द गरेर तनावरहित भई आफ्नो सम्पूर्ण शरीरलाई अवलोकन गर्नुहोस्। शरीरको अनुभव गर्नुहोस्। आफ्नो श्वासप्रश्वासप्रति सजग रहनुहोस्। म शिथिलीकरणको अभ्यास गर्दै छु भनेर सचेत रहनुहोस्। अब आफ्नो चेतनालाई शरीरका विभिन्न भागमा डुलाउनु होस्। मानसिक रूपले अनुभव गर्नुहोस् कि पिठ्युँ र दुवै हात फर्शको नै एउटा अंग हो। अब एक-एक गरेर शरीरको विभिन्न अंगप्रति सचेत हुनुहोस्।

शरीरको आधा भाग एकातिरबाट चेतनालाई डुलाउनुहोस्। दाहिने हातबाट सुरु गर्नुहोस्। बूढीऔंला, चोरऔंला, माझिऔंला, काइँलीऔंला, कान्छीऔंला, हत्केला, नाडी, कुहिना(पाखुरा, काँध, काखी, कमर, फिला, तिघ्रा, घुँडा, पिँडुला, कुर्कुचा, पैताला, खट्टाको औंलाहरू पहिलो दोस्रो, तेस्रो, चौथो कान्छी। यसै प्रक्रियालाई शरीरको अर्को भाग देब्रेहातबाट सुरु गर्नुहोस्। त्यसपछि माथि टाउको, निधार, कान, आँखा, नाक, गाला, ओठ, चिउँडो, घाँटी, छाती, पेट, नाइटो, ढाड, तथा भित्री अंगसम्म चेतनालाई पुऱ्याउनुहोस्। शरीरका सबै भाग शिथिल भएर फर्शको हिस्सा भएको अथवा फर्शमा नै मिलेको अनुभव गर्नुहोस्। यस प्रक्रियालाई दुईरतीन पटक दोहोऱ्याउनुहोस्। तपाईंको शरीर र मनको तनाव निश्चित रूपले हट्छ। यसै अवस्थामा केही समय सुत्नुहोस्। यदि तपाईं यसै अवस्थामा आधा घण्टा निदाउन सक्नुभयो भने उठ्दा आफूलाई तनावरहित हलुको, स्फुर्त, प्रसन्न र शान्त पाउनुहुनेछ।

**२. आनापान सत्तियोग र विपश्यना**

शवासनमा गर्न सकिने अर्को ध्यान विधि हो आनापान सतियोग र विपश्यना ध्यान। स्वाभाविक श्वास-प्रश्वासमा ध्यान केन्द्रित गरेर होस साँध्ने कार्यलाई बुद्धले 'आनापान सतियोग' भन्नुभएको छ। आनापानबाट मनलाई एकाग्र र नियन्त्रण गर्ने अभ्यास गरिन्छ। त्यसपछि नियन्त्रित मनलाई शरीरमा निरन्तर भइरहने संवेदनाहरू ( सुखद वा दुःखद) को अनुभव गर्नतिर लगाइन्छ, जसलाई विपश्यना भनिन्छ। विपश्यना र आनापानलाई पऱ्यायवाची शब्दको रूपमा पनि प्रयोग गरिन्छ।

**विधि**

शिथिलीकरणमा उल्लेख गरेअनुसार शवासनमा सुत्नुहोस् र शरीरलाई शिथिल गर्नुहोस्। बिनाकुनै प्रयास श्वासको प्रवाह स्वतः र सामान्य रूपले चलिरहोस्। शरीरमा सामान्य रूपले स्वतः भइरहेको श्वासप्रश्वासलाई हेर्नुहोस्। यो गाह्रो काम हो। सामान्य श्वासप्रश्वासमा ध्यान केन्द्रित गर्नासाथ त्यो सामान्य रहँदैन। आउने-जाने प्रवाहमा घटीबढी हुन थाल्छ। हो, यसैमा हो दक्षता प्राप्त गर्ने। धैर्यतापूर्वक सचेत भई शवासन प्रवाह अवलोकनको सीप विकास गर्नुपर्ने हुन्छ। नआत्तिनुस्। शवासन सामान्य होइन भन्ने अनुभव हुनासाथ दुईरचार पटक लामोलामो श्वास लिने र छाड्ने गर्नुहोस्। त्यसपछि फेरि श्वासलाई खुकुलो गरी आफ्नो नैसर्गिक लयमा फर्किन दिनुहोस् र पुनः अवलोकन गर्नुहोस्।

केही हप्ताको सचेत प्रयासपछि अभ्यास सहज हुन थाल्छ। सुरुमा अभ्यास गर्दा श्वास भित्र आएको र श्वास बाहिर गएको भनेर गन्ती पनि गर्न सकिन्छ। तर अभ्यास सहज हुँदै गएपछि गन्ती गर्न छाड्नुपर्छ नत्र भने ध्यान श्वासप्रश्वासमा नभएर गन्तीमा केन्द्रित हुन थाल्छ। स्वाभाविक श्वासप्रश्वासमा ध्यान केन्द्रित गरेर आत्मनिरीक्षण अर्थात् स्व-निरीक्षणको अभ्यास गरिन्छ। मनमा उठ्ने कुनै पनि राम्रा-नराम्रा विचारहरूलाई समभाव राखी वर्तमानमा शरीर तथा मनमा हुने प्रत्येक घटनालाई निरीक्षण गर्नु नै आत्मनिरीक्षण वा विपश्यना साधना हो। आनापान र विपश्यना साधनाको सीप विकास गर्न अभ्यासीहरूले कम्तीमा पनि एक पटक विपश्यना शिविर लिएर यसको अभ्यास गरेमा बढी प्रभावकारी हुन्छ।

**३. साक्षीभाव**

शिथिलीकरणमा उल्लेख गरेअनुसार शवासनमा सुत्नुहोस् र शरीरलाई शिथिल गर्नुहोस्। श्वासप्रश्वास आफ्नो स्वाभाविक गतिमा चलिरहेको हुन्छ। साक्षीभाव साँध्ने प्रक्रियामा हामी सचेत हुनुपर्ने मनमा उठ्ने आफ्नो विचारहरूप्रति हो। विचारहरू मनमा आउँछन्। विचारहरूलाई सचेत रही अवलोकन गर्नुहोस्। कुनै पनि विचारलाई नदबाउनु होस्। राम्रो-नराम्रो, उत्तेजित-अनुत्तेजित, सफा-फोहोरी जेजस्ता विचारहरू मनमा आए पनि त्यसलाई साक्षीभावले हेर्ने प्रयास गर्नुहोस्। भावनात्मक रूपले मनमा आएका कुनै पनि विचारहरूबाट प्रभावित नहुनु होस्। यो अति नै कठिन कार्य हो तर अभ्यास वा साधना पनि त यसैका लागि गर्ने हो। हामी सधैंजसो भोक्ताभावमा रहनाले मनमा राम्रा (आ-आफ्नो सोचअनुसार) विचार आउनासाथ हामी त्यसको सुखभोग गर्न थाल्छौं र नराम्रा विचार आउनासाथ त्यसबाट पीडित हुन थाल्छौं।

एकपछि अर्को गर्दै रोग र द्वेषका विचारहरूको प्रवाहले मन आक्रान्त हुन्छ। तटस्थ भई मभित्रको वर्तमान यही हो। अहिले मभित्र यही छ भनेर विचारलाई साक्षीभावले हेर्न थाल्नुभयो भने आकाशमा बादल छाँटिएझैं विचारहरू पनि छाँटिन थाल्छन्। अभ्यासले जतिजति साक्षीभाव बढ्दै जान्छ, विचारका लहरहरू आउँछन् तर यसको अन्तराल बढ्न थाल्छ र भावनात्मक संवेगमा शिथिलता आई मनमा शान्तिको अवतरण हुन थाल्छ। भोक्ताभावबाट साक्षीभावमा रूपान्तरण हुनु नै यो साधनाको प्रक्रिया हो।

अन्त्यमा 'शवासन'को महत्त्व योगसाधनामा मात्र नभई ध्यानसाधनाका अन्य विधिहरूमा पनि यसको विशिष्ट महत्त्व छ। यसको प्रमुख कारण भनेको यो शरीरको यस्तो अवस्था हो जसमा शरीर र मनले सजिलैसँग विश्रान्ति लिन पाउँछन् र निकै लामो अवधिसम्म पनि साधकहरू यस अवस्थामा रहिरहन सक्छन्। उच्चस्तरका सिद्ध योगीहरूले शवासनमा रहेर नै रहस्यमय यौगिक साधनाहरू सम्पन्न गरेको हामीले सुनेको, पढेको वा देखेको पनि हुन सक्छ।

शारीरिक थकाइ वा मानसिक तनाव भएको जुनसुकै अवस्था र समयमा पनि शवासनमा रही शिथिलीकरण, आनापानसत्तियोग वा साक्षीभावको अभ्यासले शरीर र मनलाई पुनर्ताजगी दिन सकिन्छ। प्रकृतिले हाम्रो शरीरमा रोग प्रतिरोधात्मक शक्ति पनि दिएको छ। शरीर शिथिलीकरणको अभ्यासले शरीरभित्र भएको रोग प्रतिरोधात्मक शक्तिलाई जगाउने काम गर्छ। आधुनिक एलोपेथिक चिकित्सा विज्ञानमा पनि साध्य-दुःसाध्य रोगहरूको उपचार गर्दा प्रयोग गरिने रसायनयुक्त सिडेटिभ औषधिहरूको प्रयोजन पनि शरीर र मनलाई शिथिल गरी एन्टिबायोटिक औषधिले गर्ने रोग प्रतिरोधात्मक कार्यलाई सहज बनाउने भूमिका निर्वाह गर्नु नै हो। योग साधनामा यस्ता धेरै विधिहरू छन् जसको अभ्यासले शरीर र मनलाई शिथिलीकरण गरी शरीरभित्र भएको रोग प्रतिरोधात्मक शक्तिलाई जगाउने काम गर्छ। ध्यान दिनुपर्ने महत्त्वपूर्ण सूत्र भनेको कुनै पनि विधिलाई सही तरिकाले गर्नु हो।

विजय दशमी २०७७
को सुखद् अवसरमा सम्पूर्ण ग्राहक तथा देश/विदेशमा रहनु हुने नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
सीताराम अग्रवाल
(समाजसेवी/व्यवसायी)
खनार, सुनसरी

विजय दशमी २०७७
को सुखद् अवसरमा देश/विदेशमा रहनु हुने नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
डिजी पे प्रा.लि. परिवार

विजय दशमी २०७७
को सुखद् अवसरमा सम्पूर्ण ग्राहक तथा देश/विदेशमा रहनु हुने नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
फर्निचर महल प्रा.लि.परिवार

विजय दशमी २०७७
को सुखद् अवसरमा देश/विदेशमा रहनु हुने नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
जलपरी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. परिवार

## देउवाले....

'सरकारले जनहित, लोकतान्त्रिक मूल्य, संवैधानिक र कानूनी व्यवस्था विपरित निर्णय गरी घोर अलोकतान्त्रिक चरित्रको प्रदर्शन र सर्वोच्च अदालतको आदेशको पनि अवहेलना गरेको छ। यस्तो स्थिति आउन नदिन म प्रधानमन्त्रीजीलाई सजग गराउन चाहन्छु।' आफ्नै खर्चमा उपचार गर्नुपर्ने निर्णय खारेज गर्नुपर्ने कुरामा जोड दिंदै देउवाले 'नागरिकको स्वास्थ्य परीक्षणदेखि संक्रमितको उपचारसम्म सबै काम निःशर्त, भेदभाव बिना, निःशुल्क गर्ने व्यवस्था मिलाउन सरकार र सरकारलाई आग्रह गर्दछु।' भनी विज्ञप्तिमा उल्लेख गरेका छन्। कोरोना भाइरसको उपचार तथा व्यवस्थापनमा सरकारी पक्षबाट खेलाँची भएको भन्दै जनस्तरबाट समेत त्यसको विरोध हुँदै आएको छ।

## 'रअ'का.....

लागि उनको भ्रमण गराइएको हुनसक्ने अनुमान पनि नेकपाभित्र गर्न थालिएको छ। 'सीमा विवादका कारण भारत ओलीसँग रिसाएको अवस्था छ, यस्तो बेलामा भारतले समेत साथ दिने अपेक्षा गरिरहेका दाहाल र नेपाललाई झड्का दिनका लागि ओलीको ग्राण्डडिजाइनमा यस्तो गरिएको हुनुपर्छ' दाहाल निकटको समाचार सूत्रले 'नयाँ विमर्श' सँग भन्यो,'भारत जहिले पनि आफ्नै साथमा छ भन्ने देखाउने कार्य ओलीले गरेका छन्' भनी टिप्पणी गरेको छ।

ओलीको नेतृत्वको सरकारले नेपालले पछिल्लो नक्सा जारी गरेको कुरालाई

समेत अहिले शंकाको हिसाबले हेर्न थालिएको अवस्था छ। नयाँ नक्सा जारी भै त्यसलाई संसद्ले सर्वसम्मत रुपमा पारित गरिसकेको अवस्थामा पनि ओली नेतृत्वको वर्तमान सरकारले त्यसलाई वास्तविकतामा परिणत गर्ने कुनै पनि पहल गर्न सकेको छैन। भारतीय पक्षसँग वार्ता गरी समाधान खोजिनुपर्नेमा त्यसको लागि प्रयास समेत हुन सकेको छैन। सरकारस्तरबाट चाहने हो भने दुई देशका बीचमा वार्ताहरु हुनका लागि समस्याको अवस्था पनि छैन। भारतबाट 'रअ' का प्रमुख आएर नेपालका प्रधानमन्त्रीसँग भेट गरी जान सक्ने अवस्थामा दई देशका बीचमा वार्ताका लागि चाहने हो भने कुनै टाढाको विषय नभएको आम बुझाइ छ।

नेपालसँग वार्ता गर्न भारतीय पक्ष अनिच्छुक रहनु तथा नेपाली पक्षले पनि त्यसका लागि खासै पहल गरेको नदेखिनुलाई शंकास्पद रुपमै लिंइँदै आएको अवस्था छ। त्यसमाथि प्रधानमन्त्री ओलीले त्यस्तो नयाँ नक्सासमेतको पाठ्य सामग्रीलाई पठन पाठनका लागि रोक लगाएको भनी केही साताअघि समाचारहरु आएको अवस्थामा प्रधानमन्त्री ओलीले राजनीतिक लाभका लागि मात्र त त्यसरी नक्सा जारी गरेका होइनन् भनी प्रश्नहरु उठाइन थालिएको अवस्था छ।

कोरोना भाइरसको त्रासको यस्तो अवस्थामा भारतीय गुप्तचरहरुको टोली नेपालमा आई नेपाली राजनीतिलाई तरंगित पारी गएको कुराले नेपाली बौद्धिक जगत समेत त्रसित बन्न पुगेको छ।

## विज्ञापन....

सञ्चारकर्मीहरु लागि परेको पनि समाचार स्रोतले दाबी गरेको छ।

विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ अनुसार बस्तु वा सेवाको बजार प्रबर्द्धन वा बिक्री, वितरण गर्न वा त्यस्तो बस्तु वा सेवाको प्रचार प्रसारको लागि गरिने विज्ञापन तथा तत्सम्बन्धी व्यवसायलाई नियमन गर्न उक्त ऐन ल्याइएकाले सोही अनुसार नियुक्तिको प्रक्रिया अघि बढाउने तयारीमा सरकार लागेको बताइएको छ।

सोही ऐनमा विज्ञापनको नियमन सम्बन्धी काम गर्नका लागि विज्ञापन बोर्ड गठन हुने भनिएको तथा सरकारले आज शुत्रवारदेखि क्लिन फिड लागू गरेसँगै यस्तो बोर्ड संचालन र परिचालन गर्नुपर्ने कानूनी व्यवस्था सक्रिय हुने भएकाले सरकारले नियुक्तिको तयारी गरेको हो।

नेपाल सरकारले नियुक्ति गरेको व्यक्ति अध्यक्ष, गृह मन्त्रालयका सहसचिव सदस्य, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव सदस्य, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव सदस्य, विज्ञापनदाता विज्ञापन एजेन्सी वा विज्ञापन प्रसारण र वितरण गर्ने संघसंस्थामध्ये मन्त्रालयले मनोनयन गरेका संस्थाका प्रतिनिधि दुई जना सदस्य, उपभोक्ता हक हितको क्षेत्रमा वा आमसञ्चारको क्षेत्रमा कम्तीमा दश वर्ष अनुभवप्राप्त व्यक्ति सदस्य रहने व्यवस्था ऐनमा भएकाले सोही मापदण्डका आधारमा सरकारले नियुक्तिको तयारी गरेको हो।

## काठमाडौंमा....

त्यो संख्यामा संस्थागत आइसोलेशनमा १३ हजार तीन सय ४९ र होम आइसोलेशनमा ३१ हजार पाँच सय ३८ जना रहेको गौतमले जानकारी दिए।

कोरोना संक्रमितको कुल संख्या एक लाख ४८ हजार पाँच सय नौजना पुगेको तथा निको हुनेको संख्या एक लाख दुई हजार आठ सय २० पुगेको पनि उनले जानकारी दिएका छन्। यसैगरी हालसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या आठ सय १२ पुगेको छ।

## भक्तपुरमा....

राजु थापाले जानकारी दिएका छन्। जोखिम मोलेर खटिने प्रहरीहरूलाई सानो सहयोग गर्दा आफूहरुलाई आनन्द मिलेको अध्यक्ष थापाले बताए। नगर सभापति उमेश अधिकार, तरुण दल भक्तपुरका जिल्ला सदस्य सुमन कार्कीलगायतका समूहले मास्क र सेनिटाइजर वितरण गरेको थियो।

## कांग्रेस....

घाइते भएका हुन्।

बुधबार साँझ ७ बजे राडिबजारतर्फ मोटरसाइकलमा आएका उनीहरुलाई पैदल आएका तीनजनाको समूहले फलामको रड, नक, लाठी समेत प्रयोग गरी हमला गरेको पीडितहरुको भनाइलाई आधार मान्दै प्रहरीले जनाएको छ। पीडित विमलाका अनुसार, बाइकबाट आउने क्रममा अगाडितर्फको सडक खण्डमा आठबीसकोट नगरपालिका वडा नम्बर ८ का वडाअध्यक्ष मानबहादुर चदाराका भाइ मनोज चदारा र अर्जुन चदाराले कुरा गर्न खोजेको बेलामा पछाडिबाट आएका उनीहरुले आक्रमण गरी भागेका थिए। त्यसरी आक्रमण हुँदा पनि चदाराहरुले कुनै पनि किसिमको प्रतिवाद नगरेका कारण उनीहरुको पनि घटनामा संलग्नता हो कि भनी आशंका गर्ने ठाउँ रहेको बताइएको छ।

घटना संलनहरुको खोजी भैरहेको प्रहरीले जनाएको छ। कुबेरले केही महिना अघिमात्र नेकपा विप्लव समूह त्यागी कांग्रेसमा प्रवेश गरेका कारण त्यसकै रिसमा उनीहरुमाथि आक्रमण भएको हुन सक्ने अनुमान पनि गरिएको छ।

## विशेष....

निरुपण गर्न विशेष अदालत स्थापना गरेको तथा यस्तो अदालत संवैधानिक नभएर कानूनी अदालत हो। राज्यले आवश्यकता अनुसार यस्ता अदालतहरु गठन र खारेज गर्न सक्ने व्यवस्था छ।

सोही बैठकले सैनिक विशेष अदालतमा लोहिचचन्द शाह, राजश्व न्यायाधीकरणको अध्यक्षका विनोद शर्मा, राजश्व न्यायाधीकरण विराटनगरमा सत्यमोहन जोशी थारु र राजश्व न्यायाधीकरण नेपालगञ्जमा केशवराज जोशीलाई नियुक्ति गरेको पनि बताइएको छ। काठमाडौं उपत्यका विकास प्राधिकरणको प्रमुखमा माधवप्रसाद पोखरेललाई नियुक्ति गर्ने तथा विश्व बैंकसँग २४ अर्ब रुपियाँ ऋण लिन स्वीकृति प्रदान गर्ने निर्णय पनि गरेको जनाइएको छ।

## पोखरेललाई....

दिएरै भए पनि पार्टी हाँक्ने तयारीमा रहेका पनि बताइएको छ। उनलाई महासचिव बनाएर उनको ठाउँमा माधवकुमार नेपाल पक्षधर व्यक्तिलाई मुख्यमन्त्री बनाएर नेपाललाई समेत आफ्नो पक्षमा पार्ने दाउमा ओली रहेको पनि समाचार स्रोतले जानकारी दिएको छ। ओलीले यसरी चौतर्फी रुपमा असर पार्ने गरी गोटीहरु चाल्दै गरेको अवस्थामा ओलीइतरका नेताहरु भने झस्किन पुगेका छन्।

## नेविसंघ....

नागरिकप्रतिको दायित्वबाट सरकार पूर्णच्युत भएको आरोप लगाएको हो।

न्यूनतम दायित्वबाट सरकार पन्छिएको आरोप लगाउँदै संविधानको मौलिक हक र सर्वोच्च अदालतको आदेश सरकारले बेवास्ता गरेको नेविसंघले आरोप लगाएको छ। 'सरकारको पछिल्लो निर्णय नागरिकको स्वास्थ्य सेवा र बाँच्न पाउने हकविरुद्ध छ।' भनी नेविसंघले आरोप लगाएको छ। यसरी सरकार निर्लज्ज रुपमा उत्रिए सरकारको विरुद्धमा नेविसंघ सडकमा उत्रिने चेतावनी पनि नेविसंघले दिएको छ।

## जनसम्पर्क....

मधु आचार्य लगायतले उपस्थिति जनाएका थिए। यसैगरी बैठकमा महासमिति सदस्यहरु, जनसम्पर्क समितिका सभापतिहरु, कांग्रसका बुद्धिजीवी, समर्थक र पूर्वमन्त्री तथा केन्द्रीय सदस्यहरुको उपस्थिति रहेको बताइएको छ।

लोकतन्त्र र प्रजातन्त्रमा विश्वास राख्ने विश्व भरिनै छरिएर रहेका आस्थावान् कांग्रेसजनलाई एकत्रित गर्न र प्रवासका नेपालीले भोगेका समस्याको सम्वोधन र समाधानका निमित्त सञ्जालले अहंम भूमिका खेल्ने विश्वास लिइएको छ।

## केपी....

गरिरहेको छ। सुरुवाती दिनमा दाहसंस्कारका लागि ठिक्क पारेको शब कोरोना संक्रमित भनी चिताबाट खोसेर ल्याएको सरकारले अहिले शब व्यवस्थापन आफन्तले नै गर्नुपर्ने निर्णय गऱ्यो।

धनी र हुनेखाने वर्गलाई कोरोनाले असर गर्दैन। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प संक्रमणको केही दिनमा नै सार्वजनिक समारोहमा देखिए। नेपालमै पनि प्रधानमन्त्रीका सल्लाहकारहरु ३ दिनमा नै कोरोना मुक्त भए। विपद्को सिद्धान्तले 'जुनसुकै विपद्का बेला पनि सबै भन्दा ठूलो पीडीत हुने भनेको महिला, गरिब, विपन्न र सिमान्तकृत समुदाय हो' भन्छ। शहरीय निम्न आयका मजदुरहरु ८/१० जनाको परिवार एउटै कोठामा बसेका हुन्छन्। उनीहरुले कसरी स्वास्थ्य मापदण्ड पालना गर्छन्? रोगले प्रभावित हुने भनेकै सिमान्तकृत र अत्यन्तै विपन्न समुदायहरु हुन्। उनीहरुलाई प्राथमिकतामा राखेर सरकारले कहिले के गर्यो? वर्गिकरण गर्ने तरिका खै? सर्वहाराको सरकार इमान्दारी पुर्वक पुग्नुपर्ने वर्गमा पुगेकै छैन। ४ महिना लामो लकडाउन र त्यसयता विभिन्न समयमा स्थानीय सरकारले जारी गरेका निषेधाज्ञाका कारण सर्वसाधरणको दैनिकी निकै कष्टकर बनेको छ। विशेष गरेर कोरोना महामारी रोकथाम, नियन्त्रण तथा उपचारका सन्दर्भमा सरकारले गरेका 'लहडी' शैलीका निर्देशनबाट सरकार चौतर्फी आलोचनाको घेरावन्दीमा परेको छ। सरकारको नेतृत्वकर्ताका हैसियतले पटक पटक आफैले गरेका सार्वजनिक प्रतिवद्धता कुल्चिँदै गएका छन् प्रधानमन्त्री ओली। कोरोना नियन्त्रणका लागि सरकारको प्रस्थान विन्दु नै बेठिक थियो। विशिष्ट व्यक्तिलाई प्राथमिकतामा राखियो। निमुखालाई रोडमा। सरकारले कहिल्यै पनि गरिब र तल्लो वर्गको पक्षमा निर्णय गरेन। सरकारले सुरुमा सबैलाई निःशुल्क उपचार गर्छौं भन्यो। त्यसको सेवा उच्च वर्गले मात्रै लिए। परीक्षणमा सोर्स, उपचारमा सोर्स, बेडमा सोर्स। पहुँच नभएकाहरु पीसीआर परीक्षणका लागि डसना ओछ्याएर टेकु अस्पताल अगाडिको रोडमा रातभर लामबद्ध भएको हामीले देखेकै हो।

लामो लकडाउनले जनजीवन प्रभावित बन्यो। लकडाउन गरिएको थिएन भने उद्योग धन्दा शिथिल हुँदैनथ्यो। आज आएर कोरोनाको उपचार नागरिक स्वयम्ले गर्ने हो भने लकडाउनमा भएको व्यवसायको क्षति सरकारले व्यहोर्नुपर्छ। यदि कोरोना नियन्त्रणका लागि नै लकडाउन गरिएको थियो भने सरकार स्वास्थ्य उपचारको जिम्मेवारीबाट पछि हट्न मिल्दैन। जनतालाई दुःख र संकट परेका बेला उसको दायित्व वहन गरिदिनका लागि सरकार चाहिएको हो। जनताको दुःख र पीडामा नदुख्ने र रमिते बनेर निर्देशन मात्रै जारी गर्ने निकाय वास्तवमा सरकार हुनै सक्तैन। यो सरकारको परिभाषा भित्र पर्दैन। सरकारको यो निर्णयले परीक्षणका लागि शुल्क तिर्नुपर्ने र संक्रमण पुष्टि भएपछि पनि अस्पताल भर्ना हुन नसक्ने अवस्थाका मध्यम र विपन्न तथा अति विपन्न वर्ग परीक्षण नै नगर्ने निर्णयमा पुग्न सक्छन्। अन्ततः यसले संक्रमण फैलाउन झन ठूलो मद्दत पुग्ने छ।


विजय दशमी २०७७

को सुखद् अवसरमा सम्पूर्ण ग्राहक तथा देश/विदेशमा रहनु हुने नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

परिवर्तन कानूनी केन्द्र परिवार

बबरमहल, काठमाडौं



विजय दशमी २०७७

को सुखद् अवसरमा सम्पूर्ण ग्राहक तथा देश/विदेशमा रहनु हुने नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

होटल सनराइज प्लाजा प्रा.लि. परिवार

पोखरालाइन, सुन्धारा, काठमाडौं



सांस्कृतिक, धार्मिक र प्राकृतिक सम्पदाको रक्षा गरौं, राष्ट्रिय स्वाभिमानको रक्षा गरौं।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग



Chief-Editor/Publisher : Koushal K. Bhattarai, Editor : Krishna Lamsal, Executive Editor : Piamani Bhattarai, Legal Advisor : Advocate Hari Sharan Jamakatel

Main Office : Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu, Phone :- 977-1-4267064, Email : nayabimarsha@gmail.com, Press :- Dhimle Offset Press, Kathmandu .